# गौतमश्री बहुद्धेशीय सहकारी संस्था लि.

## काठमाडौं १४, कुलेश्वर

मिति : २०७९ साउन १७ गते मंगलबार

## प्रेस विज्ञप्ति

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं १४ कुलेश्वरमा रहेको र सहकारी विभागमा दर्ता कायम भई नियमित सञ्चालनमा रहेको गौतम श्री बहुउद्धेशीय सहकारी संस्था लिमिटेडका विषयमा विभिन्न सञ्चार माध्यममा आएका समाचारहरु र त्यसबाट पर्न गएको भ्रम तथा उत्पन्न परिस्थितिका बारेमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । यसका कारण सहकारीका सम्पूर्ण शेयर सदस्य, बचतकर्ता महानुभावहरु र अन्य सरोकारवाला पक्षहरुमा पर्न गएको भ्रम र असुविधाको लागी म क्षमाप्रार्थी छु । यस विषयमा यथार्थ सार्वजनीक गर्न तथा थप स्पष्ट पार्नको लागि यो विज्ञप्ति जारी गरिएको छ ।

१. सर्वप्रथम म सहकारी संस्थाको अध्यक्ष राम बहादुर गौतम अन्य कम्पनीको काम विशेषले नेपाल वाहिर गएको र मेरो मोवाइल सम्पर्क नभएको अवस्थामा त्यसैलाई आधार बनाई म सहकारीको बचतकर्ताको रकम खाएर भागेको भन्ने समाचार सार्वजनीक गरिएकोमा म बचतकर्ताको रकम खाएर नभाग्ने र नभागेको स्पष्ट पार्न चाहन्छु । म नेपाल आएर सहकारीको समस्या समाधानमा लागिसकेको जानकारी गराउँदछु ।

२. सहकारी नियमित सञ्चालनमा रहेको अवस्थामा विश्वव्यापी कोभीड महामारीको कारणले नेपालमा करिब २ वर्ष जारी रहेको लकडाउनले पारेको समस्याका कारण सहकारीबाट प्रवाह गरेको कतिपय कर्जा समयमा असुली हुन नसकेको भएतापनि हामीले बचतकर्ताहरुको रकम नियमित रुपमा फिर्ता गरिरहेको र संस्था नियमित सञ्चालनमै रहेको थियो । तर अप्रत्याशीत रुपमा केही संचामाध्यममा सहकारी समस्यामा रहेको भन्ने भ्रमात्मक समाचार सार्वजनीक भएपछि बचतकर्ताहरुमा त्रास पैदा हुनु स्वभाविक नै हो । संस्थासँग सम्वन्धीत केही कुत्सीत मानसिकता भएका व्यक्तिले फैलाएको सो भ्रमपश्चात सहकारीमा बचतकर्ताहरुको भिड लगाउने र विभागमा तथा प्रहरी प्रशासनमा समेत उजुरी गरी मेरो व्यक्तिगत र पारिवारीक सदस्यहरुलाई भौतिक आक्रमण गर्ने, अपहरण गर्ने, कर्मचारीहरुलाई समेत आक्रमण गर्ने लगायतका धम्की  आइरहेको सन्दर्भमा सुरक्षाको प्रत्याभुति हुने वित्तिकै कार्यालय नियमित सञ्चालन गर्ने र बचतकर्ताहरुको रकम नियमित रुपमा फिर्ता गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

३. म सहकारी ऐन, नियमावली र नेपाल सरकारले लागु गरेको सम्पूर्ण मापदण्ड, नीति, विधि र विधानप्रति प्रतिवद्ध रहेको र आम वचतकर्ता महानुभावहरुको समस्याप्रति अत्यन्त गम्भीर छु। सहकारी सञ्चालकको रुपमा बचतकर्ता सदस्यहरुको रकम यथासिघ्र फिर्ता गर्ने वातावरण बनाउने मेरो प्रतिवद्धतामा सहयोग गर्न म सहकारीका आम शेयर सदस्य महानुभावहरु, बचतकर्ता महानुभावहरु, सञ्चारमाध्यम, प्रहरी प्रशासन र अन्य सरोकारवाला पक्षहरुलाई हार्दिक आग्रह पनि गर्दछु।

४. संस्थाबाट प्रवाह गरिएको सम्पूर्ण कर्जा असुली गर्न केही समय लाग्ने भएतापनि म आम बचतकर्ता महानुभावहरुलाई विनम्रताका साथ आग्रह गर्दछु की म तपाईहरुको बचत रकम कुनै पनि हालतमा डुब्न दिने छैन, म तपाईहरुको बचत रकम मेरो जायजेथा र सम्पत्ती बेचेरै भएपनि केही महिनाभित्रमा रकम फिर्ता गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

५. म सहकारी संस्थामा देखिएको समस्या समाधान गर्न प्रतिवद्ध भएको अवस्थामा मेरो र संस्थाको सुरक्षाको प्रत्याभुति गराईदिनको लागि नेपाल सरकार, भुमि व्यवस्था तथा सहकारी मन्त्रालय, सहकारी विभाग र प्रहरी प्रशासनसमक्ष विनम्र अनुरोध गर्दछु।

अन्त्यमा म सम्पूर्ण सञ्चारमाध्यहरुमा म र मेरो नेतृत्वमा रहेको गौतमश्री बहुद्धेशीय सहकारी संस्थाको विषयमा भ्रमात्मक र उत्तेजनात्मक समाचार प्रवाह नगरिदिनुहुन तथा सत्य तथ्य समाचार प्रवाह गरी संस्था नियमित रुपमा सञ्चालन हुने वातावरण निर्माणमा सकारात्मक सहयोग पुर्‍याइदिनुहुन विनम्रताका साथ अनुरोध गर्दछु। म नेपाल आइसकेको र आवश्यकता अनुसार बचतकर्ताहरुसँगको सम्पर्कमा रहेर समस्या समाधानमा लागिसकेकोले थप उत्तेजित वातावरण नबनाउन तथा सहज वातावरण निर्माणमा सहयोग पुर्‍याउन सम्वन्धीत सबैमा हार्दिक अपील पनि गर्दछु।



राम बहादुर गौतम

(अध्यक्ष)

गौतमश्री बहुद्धेशीय सहकारी संस्था लि.

कुलेश्वर काठमाडौं